# “ .............”(संस्थाको नाम लेख्ने)

# को

# विधान

**......(साल लेख्ने)**

**......(संस्थाको पुरा ठेगाना लेख्ने)**

# “..............”(सस्थाको नाम लेख्ने)
# को
# बिधान ……(साल लेख्ने)

प्रस्तावनाः–

...................................................................................................................................
..........पवित्र उदेश्य लिई संस्था दर्ता ऐन २०३४ को अधिनमा रही यो “...............” नामक संस्थाको विधान तर्जुमा गरिएको छ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संस्थाको नाम र प्रारम्भः–

(क) संस्थाको नामः-यस सस्थाको नाम “.............” हुनेछ। जसलाई अंग्रेजीमा **[...............]** भनिनेछ।
(ख) संस्थाको कार्यालय रहने ठेगानाः– यस संस्थाको मुख्य कार्यालय कोशी प्रदेशको मोरङ जिल्ला .......... ..........पालिका वडा नं .... ........ मा रहनेछ।

(ग) संस्थाको कार्यक्षेत्रः– यस संस्थाको कार्य क्षेत्र मोरङ जिल्ला भरी हुनेछ। आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल भित्रका सबै जिल्लामा शाखा विस्तार गर्न सकिनेछ।

(घ) प्रारम्भः– यो विधान दर्ता भएको मितिदेखि लागू हुनेछ।

(ङ) संस्थाको अस्तित्वः–
यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, सङ्गठित, स्वशासित, गैरनाफामूलक, गैरराजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ। संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन।

च) **संस्थाको प्रतिवद्धताः-** संस्थाको कुनै कृयाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्र अन्तराष्ट्रिय कुनै संघ संगठनको सम्वन्धमा प्रतिकुल असर पार्ने वा नेपालको परराष्ट्र नीतिका वर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौम सत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने काम कुरा नगर्ने प्रतिबद्धता प्रकट गर्दछ।

छ) यो संस्था सामाजिक सेवा भावनाले पुर्णतः अभिप्रेरित रही गैर सरकारी सामाजिक संस्थाको रुपमा रहने छ। यसले कुनै किसिमको राजनीतिक गतिविधि, सामाजिक र धार्मिक बिभेदको कृयाकलाप गर्ने छैन।

**२. परिभाषा**ः–
विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा,
(क) “विधान” भन्नाले “..........” को विधानलाई सम्झनु पर्छ।

(ख)  ‘‘संस्था’’ भन्नाले ‘‘.............’’ लाई सम्झनु पर्छ ।

(ग)  ‘‘समिति’’ भन्नाले संस्थाको कार्य समितिलाई जनाउँदछ ।

(घ)  ‘‘सभा’’ भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा तथा विशेष साधारण सभालाई समेत जनाउँदछ ।

(ङ)  ‘‘नियम, विनियम’’ भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँछ ।

(च)  ‘‘स्थानीय अधिकारी’’ भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

(छ)  ‘‘तोकिएको वा तोकिए बमोजिम’’ भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्दछ ।

(ज)  ‘‘स्थानीय तह’’ भन्नाले गाउँपालिका /नगरपालिका /उप–महानगरपालिका /महानगरपालिका लाई उनाउँदछ ।

(झ)  ‘‘पदाधिकारी’’ भन्नाले यस संस्थाका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र सदस्यहरुलाई जनाउँदछ ।

(आवश्यकता अनुसार राख्न सकिने)

३.  **संस्थाको छाप र चिन्हः–**

क) यस संस्थाको छाप गोलाकार परिधिमा बाहिर माथि पट्टी **‘‘........... ’’** (संस्थाको नाम)तल पट्टि ........(संस्थाको नाम) र विचको गोलाकारको भित्रिभागको माथिल्लो भागमा अनुसूची १ बमोजिमको चिन्ह र तल स्थापना (साल लेख्ने) लेखिएको हुनेछ ।

ख) संस्थाको छाप चिन्ह र झण्डा अनुसूची १ बमोजिमको हुनेछ ।

ग) आज भन्दा अगाडि दर्ता भएका संस्थासंग नाम, ठेगाना र लोगो मिल्न गएमा संशोधन प्रक्रियाबाट संशोधन गरिनेछ ।

## परिच्छेद — २

## उद्देश्यहरु

**४.संस्थाको उद्देश्यः–**

प्रचलित कानूनको अधिनमा रही सम्वन्धित निकायबाट स्वीकृति लिनु पर्नेमा लिई ‘‘..............’’ नामक संस्थाको स्थापना गरी प्रस्तावनामा उल्लेखित कुराहरुलाई आत्मसात गरी गैह्रनाफामूलक सामाजिक/ धार्मिक यो संस्थाका निम्न बमोजिमका उद्देश्यहरु रहेको छः–

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)
(आवश्यकता अनुसार राख्न सकिने)

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरुः–**

यस संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहाय बमोजिमका कार्यहरु गर्नेछः
क) संस्थाले प्रचलित कानून वमोजिम सम्बन्धित निकायबाट अनुमती प्राप्त गरेर मात्र उपरोक्त उद्देश्य प्राप्त गर्नेछ।

ख) संस्थालाई आवश्यक भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्युटर, टेलिफोन, फ्याक्स, फर्निचर जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ती गर्ने तथा तिनीहरुको सेवाका शर्तहरु निर्धारण गर्नेछ।

घ) संस्थामा प्राप्त रकम वैँकमा जम्मा गरी वैँक खाता संचालन गर्नेछ।

ङ) अन्य संस्थासँग समन्वय कायम गरी स्वयंसेवक भई काम गर्ने र प्रतिनिधि नियुक्ती गर्न सक्नेछ।

च) यो संस्थाले कुनै किसिमको राजनीतिक गतिविधि गर्ने छैन।

छ) आफ्नो अधिकारको प्रयोग गर्दा अरुको हक हनन गरिने छैन र नेपालको प्रचलित कानून विपरित कुनै काम गरिने छैन।

ज) नेपाल सरकारको स्विकृती लिएर मात्र गर्नुपर्ने कार्यको हकमा सम्बन्धित निकायको पुर्व स्विकृती लिएर मात्र कार्य गरिनेछ।

झ) कुनै कार्य गर्नको लागि अन्य संस्थासँग समन्वय गरी कार्य गर्न सक्नेछ।

ञ)संस्थासँग सम्बन्धित आवश्यक कुराहरुः–संस्थाको विरुद्धमा परेका मुद्दा मामिलाको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने र यस सम्बन्धमा आवश्यक कानूनी सेवा प्राप्त गरी आफ्नो हक अधिकार र सहुलियत सुरक्षित राख्नेछ।

ट) यो सस्थाले कुनै पनि किसिमको सिन्डिकेट र कार्टेलिङ गर्ने छैन।

## परिच्छेद– ३
## सदस्यता

**६. सदस्यताको वर्गीकरणः–**

यस संस्थामा देहाय वमोजिम सदस्यहरु रहनेछन्।

क) साधारण सदस्यः- संस्थाको विधानको दफा ७ बमोजिम योग्यता पुगेका जो सुकै ब्यक्ति यस संस्थाको सदस्य हुन सक्नेछ।

ख)	संस्थापक सदस्यः- यस संस्था दर्ता हुँदा दस्तखत गर्ने पदाधिकारीहरु वा विधानमा नाम लेखिएका महानुभावहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरुले साधारण वा आजीवन सदस्यता लिएर विधान वमोजिम शुल्क बुझाउनु पर्नेछ ।

ग)	आजीवन सदस्यः-  संस्थाको विकासका लागि विशेष सहयोग पुर्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिनेछ ।

घ) मानार्थ सदस्यः-संस्थाले उपयुक्त ठहर गरेको विशिष्ट समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन्।

(आवश्यकता अनुसार राख्न सकिने)

**७. सदस्यता प्राप्तीको लागि आवश्यक योग्यताः–**

क)	नेपाली नागरिक भएको ।

ख)	१८ वर्ष उमेर पुरा गरेको ।

ग)	मानसिक सन्तुलन नगुमाएको ।

घ)	सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

ङ)	नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

**८. संस्थाको सदस्य प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्थाः–**

देहायका अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यता सदस्य पदमा प्राप्त गर्न सक्ने छैनः-

क)	गैर नेपाली नागरिक ।

ख)	१८ वर्ष उमेर पुरा नगरेको ।

ग)	मगज विग्रेको वा बौलाएको ।

घ)	सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

ङ)	नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।

च)	साहुको दामासाहीमा परेको ।

छ)	कुनै प्रकारको चोरी ठगी किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको १ वर्ष भित्र ।

ज)	सदस्यता शुल्क बुझाउन बाँकी रहेको ।

९. **सदस्यताको समाप्ति**–

१) देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यको वहाल रहनेछैनः –

क) यस विधानको दफा ८ वमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख) साधारण सभाबाट २/३ (दुई तिहाई) सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित भएमा ।

ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्विकृत भएमा ।

घ) संस्थाको काम कार्यवाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ) यस विधान वमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

छ) संस्था विघटन भै खारेज भएमा ।

ज) विना कारण कुनै सदस्य वैठकमा लगातार ३ पटक अनुपस्थित भएमा सदस्यता स्वतः खारेज हुनेछ ।

झ) संस्थाको अनुशासन भंग गरेमा ।

२) कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाईको सवुद पेश गर्ने मौका दिइनेछ ।

१०. **सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः**–

यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछन्–

१) साधारण सदस्यः-

क) संस्थाप्रति आस्था राख्ने दफा ७ बमोजिमको योग्यता पुगेको तथा दफा ८ बमोजिम अयोग्य नभएको नेपाली नागरिकले साधारण सदस्य प्राप्त गर्न प्रवेश शुल्क वापत रु.........।० र वार्षिक शुल्क वापत रु...........।० बुझाई तोकिएको प्रकृया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) त्यस्ता साधारण सदस्यले वार्षिक नविकरण शुल्क रु...........।० बुझाउनुपर्नेछ ।

ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष आषाढ महिनाको मसान्त भित्र नविकरण गराई सक्नुपर्नेछ र त्यसपछिको हकमा तोकिए वमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्नेछ ।

२) संस्थापक सदस्यः-

क) यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन्।

ख)	संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए वमोजिमको शुल्क बुझाई आजीवन सदस्य प्राप्त गर्न सक्नेछन् ।

३) आजीवन सदस्यः-

संस्थामा एकमुष्ट रु. ..........।० बुझाई तोकिएको प्रकृया अन्तरगत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

४) मानार्थ सदस्यः-

साधारण सभाको निर्णयले सस्थालाई उपयुक्त ठानेका समाजसेवी विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सकिनेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

५) कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सोको कारण सहितको जानकारी आवेदकलाई दिइने छ ।

६) सबै सदस्यहरुले यस विधान र विधान अन्तरगत बनेको नियम र विनियम वमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्नेछ ।

७) संस्थाले प्रदान गरेको उपदफा १,२,३, र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

८) साधारण सदस्य नविकरण नभएको सदस्यले साधारण सभामा सहभागि हुन पाउँने छैन ।

९) सदस्यता प्रदान गर्ने विधिः– यस संस्थाको सदस्यता लिन चाहने व्यक्तिले कार्य समितिको कार्यालयमा आई सदस्यता आवेदन फाराम भरी यस विधान बमोजिमको रकम दाखिला गरी आवेदन दिनु पर्नेछ । यसरी निवेदन पर्न आएमा संस्थाको तर्फवाट रकम बुझेको रसिद र  सदस्यताको प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद– ४
## साधारण सभा, कार्य समिति तथा वैठक सम्बन्धी व्यवस्था

**११. संस्थाको सभा वोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्बन्धी कुराहरुः–**

क)	यस संस्थाको विधानको दफा ६ अनुसार सदस्यता प्राप्त गर्ने र दफा ७ बमोजिम योग्यता पुगेका सदस्यहरु संस्थाको साधारण सभा गठन हुनेछ । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन ।

ख) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ –

१) वार्षिक साधारण सभाः- वर्षको एकपटक वार्षिक साधारण सभा बस्नेछ ।

२) विशेष साधारण सभाः- संस्थाको कूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले  कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्यसमितिले कम्तीमा ७ (सात) दिन भित्र अनिवार्य रुपमा

बोलाउनुपर्नेछ। तर साधारण सभा वा विशेष सभा बसेको ६ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

ग) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको मितिले छ महिना भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र गरिनेछ।

घ) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सवै साधारण सदस्यहरुलाई सूचना दिइनेछ।

ङ) उपदफा घ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पूनः साधारण सभा बोलाइनेछ।

१२. **साधारण सभाको काम, कर्तव्य र अधिकारः–**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ –

क) विधान बमोजिम कार्य समितिको पदाधिकारी चुन्ने।

ख) संस्थाको वार्षिक प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखापरिक्षण प्रतिवेदनबाट देखिएका बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्यसमितिलाई निर्देशन दिने।

ग) संस्थाको वार्षिक कार्यक्रम तथा वार्षिक बजेट अनुमोदन गर्ने।

घ) लेखापरिक्षकको नियुक्ती गर्ने, पारिश्रमिक तोक्ने वा उक्त प्रयोजनका लागि कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने।

ङ) संस्था वा संस्थाद्वारा संचालित कार्यक्रमका लागि आवश्यक ठानेमा संस्थाको विधानको अधिनमा रही विभिन्न उप–समितिहरु गठन गर्ने वा गठन गर्नका लागि कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने।

च) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने।

छ) कार्य समितिद्वारा पेश भएका विधान संसोधन, नियम तथा विनिमय स्विकृत गर्ने।

ज) मानार्थ सदस्यता प्रदान गर्ने।

झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता तथा सुविधाहरुमा आवश्यक्ता अनुरुप स्विकृत गर्ने।

ञ) कार्यसमितिको निर्वाचन गर्ने र कार्यसमितिको रिक्त पदको पूर्ति गर्ने।

ट) कर्मचारीको दरवन्दी स्विकृत गर्ने र तलब भत्ता तथा अन्य सुविधा तोक्ने।

१३. **कार्य समितिको गठनः–**

क) कार्य समितिको चयन वार्षिक साधारण सभाबाट देहाय बमोजिमको पदाधिकारी रहने गरी निम्न बमोजिमको एक कार्य समिति गठन हुनेछ –

| | | |
|---|---|---|
| १. | अध्यक्ष | १ जना |
| २ | उपाध्यक्ष | १ जना |
| ३. | सचिव | १ जना |
| ४. | सहसचिव | १ जना |
| ४. | कोषाध्यक्ष | १ जना |
| ५. | सदस्यहरु | .... जना (आवश्यकता अनुसार) |

ख) यस संस्थामा .... जनाको कार्य समिति हुनेछ ।

ग) कार्य समितिको कार्यकाल २ वर्षको हुनेछ ।

घ) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै कार्य समितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको नियुक्ती कार्य समितिद्वारा गर्न सकिनेछ । कुनै सदस्यको पद बिचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्य पद रिक्त भई नियुक्त भएको सो सदस्यको बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ ।

ङ) कार्य समितिको वैठक आवश्यक्तानुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ । जम्मा संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको वैठक बोलाउनु पर्नेछ ।

च) कार्य समितिको वैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।

छ) सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको वैठक हुने छैन् ।

ज) कार्य समितिको वैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा वैठकमा उपस्थित सदस्यहरुले छानेको सदस्यले अध्यक्षता गर्नेछ ।

झ) कार्य समितिको वैठकमा वहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा अध्यक्षले निर्णयक मत दिन सक्नेछन ।

ञ) कार्य समितिको वैठकमा छलफल भएको विषय तत्सम्वन्धमा भएको निर्णयको विवरण (माइन्युट) छुट्टै वितावमा लेखी राख्नु पर्नेछ र सो निर्णय वैठकमा उपस्थित सम्पुर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतले सहि गर्नु पर्नेछ । निर्णय विवरणमा असहमति जनाउनेले कैफियत खोली हस्ताक्षर गर्न सक्नेछ ।

ट) माथिका उप–नियमहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्य समितिले गर्न पाउने कुनै कामको सम्वन्धमा कार्य समितिका सवै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिको निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम वैठक विना पनि गर्न सकिनेछ।

ठ) संस्थाले गर्ने भनिएको सम्पुर्ण कार्य कार्य समितिको निर्णयवाट हुनेछ।

ड)सस्थाका पदाधिकारीहरुले अनुसुची २ बमोजिम सपथ लिनुपर्ने छ।

ढ) सस्थाको अध्यक्ष भएको व्यक्ति २ कार्यकाल भन्दा बढी अवधि रहन पाउने छैन।

१४. **कार्य समितिको काम, कर्तव्य र अधिकारः-**

कार्य समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

क) संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित वजेट वनाई साधारण सभामा प्रस्तुत गर्ने।

ख) विधान वमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने।

ग) संस्थाको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने।

घ) साधारण सभा प्रति उत्तरदायी रहने।

ङ) संस्थाको कार्य सम्पादन गर्न कार्य योयजना वनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने।

च) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र वैंक खाता खोली संचालन गर्ने, सम्पत्तिको आर्जन तथा संरक्षण गर्ने।

छ) संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्वन्धी कर्मचारी नियमावली वनाई साधारण सभावाट स्वीकृत गराई लागू गर्ने गराउने।

ज) संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका अन्य समिति, उप समिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको वाँडफाँड गरिदिने।

झ) संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

ञ)संस्थाको उद्देश्य अनुरुप दिर्घकालिन तथा अल्पकालिन कार्य योजना तयार गर्ने।

## परिच्छेद – ५
## पदाधिकारीको काम कर्तव्य र अधिकार

१५. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः– कार्यसमितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१.	अध्यक्षको काम कर्तव्य र अधिकारः-

(क)	समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने,

(ख)	निर्णायक मत दिने,

(ग)	नेपाल सरकारको अन्तराष्ट्रिय संघसंस्था, अदालत वा अरु अन्य संस्थाको सम्बन्धमा सम्बन्धित समितिको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने,

(घ)	संस्थाको नेतृत्व लिने, समितिद्धारा गरिएका निर्णयहरुको कार्यान्वयन, रेखदेख र नियन्त्रण गर्ने ।

(ङ)	आवश्यकता अनुसार बैठकहरु बोलाउन महासचिवलाई निर्देशन दिने,

(च)	अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने,

(छ)	समितिको स्वीकृति लिई नियुक्ति गर्ने वा पदबाट हटाउने

(ज)	कोष सञ्चालन गर्न चेकमा हस्ताक्षर गर्ने तर कोषको विवरण कोषाध्यक्षलाई दिने ।

(झ)	अभिलेख प्रमाणित गर्ने ।

२.	उपाध्यक्षको काम, कर्तव्य र अधिकारः-

(क)	अध्यक्षलाई सहयोग गर्ने,

(ख)	अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने,

(ग)	अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने,

(घ)	अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

३.	सचिबको काम, कर्तव्य र अधिकारः-

(क)	संस्थाको सचिवालयको रेखदेख, संचालन तथा पत्रब्यवहार गर्ने,

(ख)	अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने,

(ग)	सम्बन्धित समिति वा सभाको बैठकको कार्य सूची तयार गर्ने, सुचना पठाउने र निर्णय पुस्तिकामा राख्ने ।

(घ)	साधारण सभामा बार्षिक आयब्ययको प्रतिवेदन तथा लेखापरिक्षणको प्रतिवेदन पेश गर्ने ।

(ङ)	अभिलेख सुरक्षित राख्ने,

(च)	अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

४.	सह–सचिवको काम, कर्तव्य र अधिकारः

क) सचिवको अनुपस्थितमा निजले गर्ने सम्पुर्ण कार्य गर्ने ।

ख) संस्थालाई हितहुने अन्य कार्य गर्ने ।

५.	कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः–

(क)	संस्थाको कोषको रेखदेख र संचालन गर्ने,

(ख)	साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेश गर्ने,

(ग)	लेखा दुरुस्त राख्ने,

(घ) कोष सञ्चालन गर्ने सम्बन्धमा अध्यक्षको निर्देशन अनुसार गर्ने र अध्यक्षबाट प्राप्त विवरण अध्यावधिक गरी राख्ने ।

(ङ) नियमित रुपमा बार्षिक लेखापरीक्षण गराउने,

(च) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

६. सदस्यहरुको काम, कर्तव्य र अधिकारः–

(क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने,

(ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने,

(ग) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

१६. **पद त्याग गर्न सक्नेः-**

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्नेछन् ।

१७. **अन्य समितिहरुः-**

क) यस विधानको परिधिभित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप–समितिहरु गठन गर्न सक्नेछ तर साधारण सभाको वैठकद्धारा अनुमोदन गराउनुपर्नेछ ।

ख) उप–समितिहरुको कार्यहरु कार्य समितिले तोकि दिए वमोजिम हुनेछ ।

१८. **गणपुरक संख्याः-**

क) कूल सदस्य संख्याको ६७ प्रतिशत वा दुई तिहाइ साधारण सदस्यहरु उपस्थित नभईसाधारण सभाको काम कारवाही हुनेछैन् ।

ख) तर, विधानको दफा ११ को (ङ) मा उल्लेख भए वमोजिम पुनःवोलाइएको साधारण सभामा कूल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

## परिच्छेद – ६
## आर्थिक व्यवस्था

१९. **संस्थाको कोषः-**

१) संस्थाको आफ्नो एउटा छुटै कोष हुनेछ र सो कोषमा देहाय वमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन् ।

क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

ख) कसैले स्वैच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

ग) संस्थाको चल अचल सम्पति वा अन्य वस्तु परिचालन हुदा प्राप्त रकम ।

घ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहवाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम।

ङ) विदेशी संस्था, व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट खास कार्यक्रम वा परियोजना संचालनका लागि प्राप्त हुने अनुदान रकम।

२) विदेशी संघ संस्था वा व्यक्तिवाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल सरकार समाज कल्याण परिषद्वाट स्वीकृत लिइनेछ।

३) संस्थामा प्राप्त रकम स्थानीय वैंकमा जम्मा गरी वैंक खाता संचालन गरिनेछ।

२०. **खाता संचालनः-**

संस्थाको वैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्ष(अनिवार्य) गरी तिन जना मध्ये कुनै दुई जनाको दस्तखतवाट संचालन हुनेछ। प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राखी हिसाव मिलाउने व्यवस्था गरिनेछ।

२१. **संस्थाको लेखा र लेखा परीक्षणः-**

क) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ।

ख) संस्थाको लेखा परीक्षण प्रचलित कानून वमोजिम रजिष्टर्ड लेखापरीक्षकबाट हुनेछ।

ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै वखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाकोहिसाव किताव जाँच गर्न गराउन सक्नेछ।

घ) लेखापरीक्षकको नियुक्ति साधारण सभावाट हुनेछ। तर, प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखापरीक्षकको नियुक्ति कार्य समितिवाट हुनेछ।

ङ) संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, स्थानीय तह समाज कल्याण परिषद र सम्वन्धित निकायमा पेश गरिनेछ।

## परिच्छेद– ७
## विविध

२२. **निर्वाचन सम्वन्धी व्यवस्थाः-**

क) कार्य समितिले निर्वाचन प्रयोजनका लागि वढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्धारा गठन गरिनेछ।

ख) निर्वाचन समितिले प्रचलित कानूनको परिधी भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ।

ग) निर्वाचन सम्वन्धी विवाद उत्पन्न भएमा विवादको टुंगो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ।

घ)	निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

२३. **उम्मेदवार हुने योग्यताः-**

कार्य समितिको उम्मेदवार हुन देहाय वमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

क)	विधानमा योग्य व्यक्ति उम्मेदवार हुनसक्नेछ ।

ख)	साधारण सस्यता नविकरण भएको हुनुपर्छ । (पहिलो निर्वाचनको लागि यो नियम लागु हुने छैन ।)

ग)	कम्तिमा दुई वर्ष साधारण सदस्य हुनुपर्ने ।(पहिलो निर्वाचनको लागि यो नियम लागु हुने छैन ।)

२४. **अविश्वासको प्रस्तावः-**

१)	अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय वमोजिमको रित पुर्याई संस्थामा दर्ता गर्नुपर्नेछः-

क)	नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्छ ।

ख)	प्रस्तावको विषय स्पष्ट र व्यावहारिक हुनुपर्छ ।

ग)	साधारण सभाका सदस्यहरु मध्येबाट कम्तिमा १/४ (एक चौथाई) सदस्यको प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनुपर्छ ।

२)	उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११(घ) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइनेछ ।

३) अविश्वासको प्रस्ताव माथि छलफलको प्रकृयाः-

क)	साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख)	उपदफा ३(क)बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग)	उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वन्चित गरिनेछैन ।

४)	अविश्वासको प्रस्ताव माथि निर्णयः-

१.	अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको निर्णयको घोषणा गर्नेछ–

क)	अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा छुट्याएर वा

ख)	साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्ताव पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२.	साधारण सभाको कूल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पदमुक्त हुनेछन् ।

३.	निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पून अविश्वासको प्रस्ताव ल्याउन पाउने छैन ।

२५. **अचल सम्पत्ति** –

क) संस्थाले चल वा अचल सम्पति खरिद गर्न, भोगचलन गर्न सक्नेछ । समिति पुर्नगठन हुंदा विवरण राखि चल–अचल सम्पतिको बरबुझारथ गर्नु पर्नेछ ।

२६. **विनियम बनाउन सक्नेः**–

१) संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम वनाउन सक्नेछ र सो विनियम साधारण सभाबाट पारित गराई लागु हुनेछ र स्थानिय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ।

२)	यो विधान र विधान अन्तर्गत रहेको विनियमको अधिनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम वनाई लागु गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट पारित गराउनु पर्नेछ ।

२७. **संस्था खारेजः**–

क)	साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी खारेज गर्न सक्नेछ ।

ख)	उपदफा क बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्वीडेटरहरु र संस्थाको हिसाव किताव गर्नका लागि एक वा एकभन्दा बढी लेखापरीक्षकहरु नियुक्त गर्न सक्नेछ ।

ग)	उपदफा ख बमोजिम नियुक्त लिक्वीडेटर र लेखापरीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

घ)	उपनियम ग बमोजिम नियुक्ती लिक्वीडेटर तथा लेखापरीक्षकले संस्था खारेजी सम्बन्धी काम कारवाही गर्नेछन् ।

ङ)	यसरी कारणवस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

२८. **विधान संसोधनः–**

कूल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यले अनुमोदन गरेपश्चात् मात्र संस्थाको कुनै दफा संसोधन वा खारेजका लागि स्थानिय अधिकारी समक्ष सिफारिस गरि पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्विकृत भएपश्चात् मात्र संस्थाको कुनै दफा संसोधन वा खारेज भएको मानिनेछ ।

२९. **कर्मचारीको व्यवस्थाः**–

क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारीको दरवन्दी सृजना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि अपनाइ साधारण सभाबाट पारित गरि लागु गरिनेछ ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन गर्ने कार्यान्वयन विदेशी सल्लाहकार वा स्वयम् सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि पुर्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानिय अधिकारी, स्थानीय तह र अन्य निकायमा समेत जानकारी गराइनेछ ।

३०. **प्रगति समिक्षाः**–

यस संस्थाको आर्थिक वर्ष प्रत्येक वर्षको श्रावण १ गतेदेखि सुरु भई आषाढ मसान्तसम्म समाप्त हुन्छ । समितिले कार्यक्रम तथा बजेटको वार्षिक समिक्षा गरी सो को प्रतिवेदन स्थानिय अधिकारी र सम्बन्धित निकायलाई पठाउने छ ।

३१. **व्याख्याः**–

यो विधान र विधान अन्तर्गत वनेको नियम, विनियमको व्याख्या गर्ने अधिकार साधारण सभालाईं हुनेछ ।

३२. **गोप्यता भंग गर्न नहुनेः**–

यस संस्थाका कुनै पनि पदाधिकारी र सदस्यहरुले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले वैठक वा साधारण सभामा असभ्य वा अश्लिल शब्दको प्रयोग गर्न पाइने छैन ।

३३. **ऐन अनुसार हुनेः**–

यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन् ।

३४. **निर्देशनको पालनाः**–

नेपाल सरकारको स्थानिय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ । संस्थाले विधान विपरीत काम गरेमा संस्था दर्ता गर्ने अधिकारीले संस्था निलम्वन वा खारेज गर्न सक्नेछ ।

३५. **सुचना अधिकारी सम्बन्धी व्यवस्थाः**–सुचनाको हक २०६४ को दफा ५ बमोजिम संस्थाको सुचना उपलब्ध गराउने प्रयोजनका लागि कार्य समितिले निर्णय गरी कार्य समितिका पदाधिकारीहरुमध्येबाट १ सुचना अधिकारी

तोकिनेछ । स्थानीय अधिकारी तथा अन्य निकायले मागेको बखत  सुचना अधिकारीले अनिवार्य रुपमा सुचना उपलब्ध गराउनेछ ।

३६. **तदर्थ समिति**ः–

क) यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्रसाधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउनेछ र सो को जानकारी स्थानिय अधिकारीलाई दिइनेछ ।

ख) प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा तदर्थ कार्य समितिले गरेको काम कारवाहीहरु यसै विधान सरह भएको मानिनेछ ।

ग) यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समिति निम्न बमोजिम रहेको छ ।

हामी ........... ............... का संस्थापक सदस्यहरु (तदर्थ समितिका पदाधिकारीहरु) विधान बमोजिम कार्य गर्न मञ्जुर भई सहिछाप गरिदियौं ।

| क्र सं | नामथर | पद | ठेगाना | पेशा | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | |
| २ | | उपाध्यक्ष | | | |
| ३ | | सचिव | | | |
| ४ | | सहसचिव | | | |
| ५ | | कोषध्याक्ष | | | |
| ६ | | सदस्य | | | |
| ७ | | सदस्य | | | |
| ८ | | सदस्य | | | |
| ९ | | सदस्य | | | |

(आवश्यकता अनुसार राख्ने)

## अनुसुचि १
## संस्थाको छाप र चिन्ह
**दफा ३ सग सम्वन्धित**

## अनुसूची – २
## निर्वाचित पदाधिकारीहरुको सपथ ग्रहणको नमुना
**(दफा १३ संग सम्बन्धित)**

म....................................... यस संस्थाको साधारणसभा बाट ...................................... पदमा निर्वाचित भएको आफ्नो कार्यकालको अवधि संस्थाको विधान, नीति र नियम अनुसार संस्थाको हित र स्वार्थलाई सर्वोपरी मानी व्यक्तिगत स्वार्थलाई त्यागी संस्था प्रति मन, वचन र कर्मले ईमान्दार भई आफ्नो पदीय जिम्मेवारी पुरा गर्ने छु ।

| | |
|---|---|
| सपथ गराउने व्यक्तिको | सपथ लिने व्यक्तिको |
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| हस्ताक्षरः......................... | हस्ताक्षरः......................... |